☎ :-०८४-४२०२७७
☎ :-०८४-४२०७३०

# बर्दिया जिल्ला अदालत

## गुलरिया

प.सं. ०७४।०७५ तहशिल

च.नं :-

मिति :-२०७५।०२।४

कैद, जरिवाना वा सरकारी विगो तिर्ने बुझाउने सम्बन्धी जरुरी सुचना ।

केन्द्रिया लगत कट्टा समितिको मिति २०७५।१।३१ को निर्णय अनुसार सर्वोच्च अदालत नियमावली,२०७४ को नियम १३५(१) को प्रयोजनको लागी मुलुकी ऐन दण्ड सजायको महलको २४ नं. को अधिनमा रही (ज्यान सम्बन्धी मुद्दा, कुनै प्रकारको चोरी मुद्दा वा राजकाज मुद्दाका कसुरदारलाई भएको सजायको बाँकी र सम्बन्धित कर्मचारीले आफ्नो जिम्माको सरकारी वा सरकारी संस्थान वा सरकारद्वारा नियन्त्रित संस्थानको तहविल, धनमाल मारी चोरी नोक्सान पारी खाए खुवाएको वा पेश्की ठेकेको वा बाँकी नतिर्नेको महलको २ नं. बाँकी समेत) का मुद्दाहरु बाहेक अन्य मुद्दाहरुमा मिति २०७५।२।४ देखि २०७५ श्रावण मसान्त सम्म भित्र अन्तिम फैसला बमोजिम कायम भएको दण्ड, जरिवाना वा सरकारी विगो बुझाउन आएमा देहाय बमोजिमको छुट दिने भनी सुचना जारी गर्नु भनी फैसला कार्यान्यन निर्देशनालयको च.नं.२७८ मिति २०७५।२।२ को पत्रानुसार लेखि आएकाले सो अनुसार तिर्न बुझाउन बाकी रहेका व्यक्तिहरु यस अदालतमा उपस्थित भई आफुलाइ लागेको दण्ड जरिवाना वा सरकारी विगो तिर्नु बुझाउनु भई लगत कट्टा गर्नहुन अनुरोध छ । अन्य जानकारी चाहीएमा यस अदालतमा सम्पर्क राख्न हुन समेत अनुरोध छ ।

२०७५/२/४

शाखा अधिकृत

तपसिल

(क) सुचना प्रकाशन भएको मितिले पचास वर्षभन्दा अधिको अन्तिम फैसला बमोजिमको लगतमा ७५ प्रतिशत,

(ख) सुचना प्रकाशन भएको मितिले तिस वर्षभन्दा अघि पचास वर्षसम्मको अन्तिम फैसला बमोजिमको लगतमा ५० प्रतिशत,

(ग) सुचना प्रकाशन भएको मितिले बिस वर्षभन्दा अघि तिस वर्षसम्मको अन्तिम फैसला बमोजिम लगतमा २५ प्रतिशत,